प्रदेश सरकार
भौतिक पूर्वाधार विकास मन्त्रालय
बागमती प्रदेश
हेटौंडा, मकवानपुर, नेपाल

☎ ०५७-५२०९२६
०५७-५२५४८१
🖷 ०५७-५२१५१९
info.mopid@bagamati.gov.np
mopid.bagamati.gov.np

मितिः- २०७७।०८।२५

# सवारीचालक अनुमतिपत्रको Online फाराम सम्बन्धी सूचना

कोभिड-१९ महामारीको कारणले COVID-19 Crisis Management Center (CCMC) को निर्णय बमोजिम यातायात व्यवस्था विभागले यस प्रदेश मातहतका कार्यालयहरुले प्रयोग गरी रहेको EDLVRS System बन्द गरी कार्यालयबाट प्रवाह हुने सवारीचालक अनुमतिपत्र सम्बन्धी सेवाहरु बन्द रहेको थियो । यातायात व्यवस्था विभागले यस मन्त्रालयका सूचना अधिकारीको नाम समेत राखी "सवारीचालक अनुमतिपत्रको अनलाइन फाराम सम्बन्धी प्रकाशन गरेको" सूचनाले सेवाग्राहीहरुमा अन्यौल/द्विविधा उत्पन्न भई असहज परिस्थिति सृजना भएको र सेवाग्राहीहरुबाट समेत मन्त्रालयको नम्बरमा अनलाइन फाराम सम्बन्धी विषयलाई लिएर बारम्बार टेलिफोन आउने गरेको छ ।

EDLVRS Online System मा विद्यमान समस्याहरु समाधान गरी तत्काल उक्त प्रणाली सुचारु गर्न मन्त्रालयबाट यातायात व्यवस्था विभागलाई पत्राचार भैसकेको छ । साथै यस विषयमा मन्त्रालय मातहत कार्यालयहरुसँग छलफल गरी सेवाग्राहीलाई सहज हुने व्यवस्था मिलाई उपयुक्त समयमा नयाँ सवारीचालक अनुमतिपत्र सम्बन्धी कारवाही अगाडि बढाइनेछ । यस सम्बन्धी थप जानकारी यस मन्त्रालयको वेवसाइट https://mopid.bagamati.gov.np तथा फेसबुक पेज https://www.facebook.com/mopidhetauda मा सूचना प्रकाशित गरिने व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

साथै Online फाराम सम्बन्धी Software System यातायात व्यवस्था विभागबाटै सञ्चालन भइरहेको हुँदा सो सम्बन्धमा थप जानकारीको लागि उक्त विभागमा नै सम्पर्क गर्नुहुन जानकारी गराइन्छ ।